# स्थानीय राजपत्र

| अर्जुनचौपारी गाउँपालिका, अर्जुनचौपारीद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्ड २ | संख्या १ | मिति ............ |
| भाग १ | | |

अर्जुनचौपारी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

अर्जुनचौपारी गाउँपालिकाको शैक्षिक सुधार कार्यविधि, २०

# अर्जुनचौपारी गाउँपालिकाको शैक्षिक सुधार कार्यविधि, २०७९

गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०८०/०६/१४

प्रस्तावनाः गण्डकी प्रदेश स्याङ्जा जिल्ला अर्जुनचौपारी गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुको शैक्षिक गतिविधि सु–व्यवस्थित ढंगले सञ्चालन गरी शैक्षिक उपलव्धी बृद्धि गर्न र शिक्षामा समयानुकुल परिवर्तन ल्याउन अर्जुनचौपारी गाउँपालिकाले नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारको प्रचलित ऐन तथा नियमावलीको अनुकुल हुने गरी यो अर्जुनचौपारी गाउँपालिका शैक्षिक सुधार कार्यविधि, २०७९ तयार पारी स्वीकृत गरेको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. नाम र प्रारम्भः

क) यो कार्यविधिको नामः “अर्जुनचौपारी गाउँपालिका शैक्षिक सुधार कार्यविधि, २०७९” रहनेछ।

ख) यो कार्यविधि अर्जुनचौपारी गाउँकार्यपालिकाको बैठकले स्वीकृत गरेपछि तत्कालै लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागे सम्म यस कार्यविधिमा प्रयोग गरिएका शब्दले निम्नानुसार अर्थ बुझाउनेछन्।

क) “गाउँपालिका” भन्नाले अर्जुनचौपारी गाउँपालिकालाई सम्झनु पर्दछ।

ख) “गाउँकार्यपालिका” भन्नाले अर्जुनचौपारी गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

ग) “शिक्षा समिति” भन्नाले अर्जुनचौपारी गाउँपालिका गाउँकार्यपालिकाको शिक्षा समिति सम्झनु पर्दछ।

घ) “परीक्षा समिति” भन्नाले अर्जुनचौपारी गाउँपालिकाको परीक्षा समिति सम्झनु पर्दछ।

ङ) “विद्यालय व्यवस्थापन समिति” भन्नाले विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

## परिच्छेद – २

## गाउँ शिक्षा समितिको गठन र जिम्मेवारी सम्बन्धमा

१. गाउँ शिक्षा समितिको गठनः अर्जुनचौपारी गाउँपालिका अन्तर्गत गाउँ शिक्षा समिति देहाय बमोजिम हुनेछ।

क) गाउँपालिकाको अध्यक्ष – अध्यक्ष

ख) विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेको १ जना – सदस्य

अर्जुनचौपारी गाउँपालिकाको शैक्षिक सुधार कार्यविधि, २०७९

ग) विद्यालयका वि.व्य.सहरु मध्येबाट गाउँकार्यपालिकाले मनोनित गरेको १ जना – सदस्य

घ) शिक्षाविदहरु मध्येबाट गाउँकार्यपालिकाले मनोनित गरेको १ जना – सदस्य

ङ) दलित, अपाङ्ग संस्थागत विद्यालयहरु, शिक्षकका पेशागत समूहहरु मध्येबाट कम्तिमा २ जना महिला सहित गाउँ शिक्षा समितिले मनोनित गरेका ४ जना – सदस्य

च) शिक्षा शाखा प्रमुख/गाउँ शिक्षा समितिले तोकेको व्यक्ति सदस्य– सचिव

२. नियम नं. १ मा जेसुकै लेखिएको भएपनि यो नियम प्रारम्भ हुनुभन्दा अगाडी गठन भएको गाउँ शिक्षा समिति यसै नियमानुसार गठन भएको मानिनेछ।

३. मनोनित सदस्यहरुको पदावधि २ बर्षको हुनेछ।

४. गाउँ शिक्षा समितिले शैक्षिक कार्यदलका सदस्य/सदस्यहरुलाई उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई गाउँ शिक्षा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

५. गाउँ शिक्षा समितिको बैठक संचालन प्रकृया, बैठक तथा सेवा सुविधा गाउँकार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ । ६ उपदफा (१) अनुसार नियुक्त सदस्यले पदिय आचरण पुरा नगरेमा गाउँपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । निजलाई हटाउनु अघि स्पष्टिकरणको मौकाबाट बञ्चित गरिने छैन।

५. गाउँ शिक्षा समितिको जिम्मेवारीः

क) गाउँ शिक्षा समितिले शैक्षिक सुधारको लागि गाउँकार्यपालिका सँग समन्वय गर्नेछ ।

ख) गाउँ शिक्षा समितिले आफ्नो मातहतका विद्यालयहरुको सुपरिर्वेक्षण गर्न, शिक्षक कर्मचारीहरुको सरुवा गर्न, कार्यसम्पादनको आधारमा शिक्षक, वि.व्या.स.का सदस्य, विद्यार्थी तथा अभिभावकलाई पुरस्कृत गर्नेछ ।

ग) कुनै शिक्षक वा कर्मचारीबाट विद्यालयलाई हानी नोक्सानी हुने देखिएमा त्यस्तो शिक्षक वा कर्मचारीलाई सुधारको लागि चेतावनी वा निलम्वन वा अन्य कारवाहीको लागि सम्बन्धीत निकायलाई सिफारिस गर्नेछ।

घ) गाउँ शिक्षा समितिले गाउँपालिका परीक्षा समितिलाई सल्लाह एवं सुझाव प्रदान गर्नेछ।

ङ) गाउँपालिका भित्रका विद्यालयहरुको सामाजिक परिक्षण र लेखापरीक्षण कार्य शिक्षा शाखा र आर्थिक प्रशासन शाखा सँग समन्वय गरी सुव्यवस्थित ढंगले व्यवस्थित गर्नेछ।

च) गाउँपालिका भित्रका विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन सम्बन्धी व्यवस्था गर्नेछ ।

छ)	कुनै विद्यालय व्यवस्थापन समितिबाट विद्यालयलाई नोक्सानी हुने देखिएमा सुधारको लागि चेतावनी दिन वा त्यस्तो समिति भंग गर्न सक्नेछ।

ज)	गाउँपालिका भित्र शैक्षिक गतिविधि प्रभावकारी रुपले संचालन गर्न, शिक्षण सिकाई कार्यको सुपरिर्वेक्षण तथा पृष्ठपोषण प्रदान गर्न र शिक्षा शाखालाई आवश्यक सहयोग पुऱ्याउन कुनै शिक्षकलाई “श्रोत शिक्षक” नियुक्ति गरी शिक्षा शाखामा काजमा खटाउन सक्नेछ।

झ)	श्रोत शिक्षक सम्वन्धी कार्यविधि गाउँ शिक्षा समितिले निर्धारण गर्नेछ।

ञ)	गाउँपालिका भित्र शैक्षिक पक्षमा सुधार गर्न, विविध कार्यक्रमहरु तयार पार्ने, कार्यान्वयन गर्ने/गराउने र आवश्यकता अनुसार गाउँकार्यपालिकामा सिफारिस गर्न सक्नेछ।

## परिच्छेद – ३

## विद्यालय व्यवस्थापन समिति

क)	विद्यालय व्यवस्थापन समितिको कार्यकाल तीन बर्षको हुनेछ त्यसपछि विद्यालय व्यवस्थापन समिति स्वतह भंग हुनेछ ।कुनै पनि विद्यालयले भंग भएको विद्यालय व्यवस्थापन सँग काम गराएको अवस्थामा सो कार्य अवैध भएको मानिनेछ।

ख)	कुनै पनि कारणले विद्यालय व्यवस्थापन समिति भंग भएको अवस्थामा तुरुन्त अभिभावक भेलाबाट विद्यालय व्यवस्थापन समिति गठन गर्नु पर्नेछ।

ग)	विद्यालय व्यवस्थापन समिति भंग भएको १ महिना भित्र विद्यालय व्यवस्थापन समिति गठन नभए गाउँपालिकाबाट जाने सवै अनुदान रोक्का गरिनेछ।

घ)	विद्यालय व्यवस्थापन समिति भंग भएको ३ महिना सम्म पनि विद्यालय व्यवस्थापन समिति गठन नगरे गाउँ शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरु मनोनित गर्नेछ।

ङ)	समहतिमा व्यवस्थापन समितिको सदस्य र अध्यक्ष नियुक्त हुन नसके एक हप्तामा समय अवधि भित्र पुन बैठक बसेर सहमती कायम गरी सदस्य र अध्यक्ष नियुक्त गर्नुपर्नेछ अन्यथा गाउँपालिका शिक्षा समितिले अध्यक्ष र सदस्यहरु नियुक्त गरि पठाउनेछ।

३.१	विद्यालय व्यवस्थापन समितिका काम कर्तव्य अधिकार शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९ अनुसार नै हुनेछन।

## परिच्छेद – ४

## शैक्षिक कार्यदल सम्बन्धी व्यवस्था

१. शैक्षिक कार्यदल गठनः अर्जुनचौपारी गाउँपालिका भित्रका विद्यालयहरुका शैक्षिक गतिविधिमा सुधार ल्याउन देहाय बमोजिम एउटा शैक्षिक कार्यदल गठन गरिनेछ ।

क) गाउँकार्यपालिकाले शिक्षकहरु वा शिक्षाविदहरु मध्येबाट मनोनित व्यक्ति – संयोजक

ख) गाउँकार्यपालिकाले शिक्षकहरु मध्येबाट मनोनित गरेका ६ जना सदस्य – सदस्य

२. शैक्षिक कार्यदलका संयोजक तथा सदस्यहरुको कार्य अवधि २ बर्षको हुनेछ ।

३. शैक्षिक कार्यदलको जिम्मेबारी

क) शैक्षिक कार्यदलले शिक्षा क्षेत्रमा सुधार ल्याउनका लागि गाउँकार्यपालिका तथा गाउँ शिक्षा समितिलाई आवश्यक सल्लाह एवं सुझाव पेश गर्ने ।

ख) गाउँकार्यपालिकालाई शिक्षा नीति, नियम, कार्यविधि तथा निर्देशिकाहरु तयार गर्न सहयोग गर्ने

ग) स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तकहरु तयार पार्न सहयोग गर्ने ।

घ) भौतिक निर्माण सम्बन्धी कार्यक्रमहरु वितरण कार्यलाई व्यवस्थित गर्न विद्यालयका आवश्यकताहरुलाई प्राथमिकिकरण गरी आफ्नो राय सहित गाउँकार्यपालिकालाई सिफारिस गर्ने,

ङ) प्रत्येक शिक्षक एवं विद्याथीहरुलाई शैक्षिक कार्य योजना सहितको क्यालेण्डर निर्माण गरी उपलव्ध गराउने ।

च) गाउँपालिका स्तरमा विद्यार्थीहरुको लागि अतिरिक्त क्रियाकलापहरु संचालन गर्ने सम्बन्धी सबै कार्य गर्ने ।

छ) शिक्षक, विद्यार्थी एवं अभिभावकहरुलाई आवश्यक तालिम, गोष्ठी, सेमिनार सञ्चालन गर्न गाउँपालिका तथा शिक्षा शाखालाई सहयोग गर्ने ।

ज) विषयगत शिक्षकहरुको सेमिनार आयोजना गरी पाठ्यक्रम, विशिष्टिकरण तालिका, आन्तरिक मूल्याङ्कनका साधनहरु, प्रश्नपत्र निर्माण, ग्रेड प्रणाली आदि बारे छलफल गराई आवश्यक नीति, नियम तयार गरी कार्यान्वयन गर्ने/गराउने ।

झ) गाउँपालिका भित्रका विद्यालयहरुमा संचालन हुने विभिन्न परीक्षाहरुलाई व्यवस्थित गर्ने ।

४. शैक्षिक कार्यदल विघटन गर्न सकिनेः शैक्षिक कार्यदलले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा गाउँकार्यपालिकाले उक्त शैक्षिक कार्यदल विघटन गर्न सक्नेछ ।

५.  शैक्षिक कार्यदलको सदस्य नरहनेः शैक्षिक कार्यदलको कुनै पनि सदस्यले स्वेच्छिक राजिनामा दिएमा वा कुनै सदस्यको गतिविधि शिक्षा क्षेत्रलाई नोक्सान हुने देखिएमा गाउँकार्यपालिकाले त्यस्तो सदस्यलाई हटाउन सक्नेछ ।

## परिच्छेद – ५
## परीक्षा समिति सम्बन्धी व्यवस्था

१.  हरेक शैक्षिक सत्रको अन्त्यमा कक्षा ३,५ र ८ को गाउँपालिकास्तरीय परीक्षा सञ्चालन गरिनेछ ।

२.  गाउँपालिका परीक्षा समिति गठनः

अर्जुनचौपारी गाउँपालिका अन्तर्गत अध्यापनरत कक्षा १– ८ सम्मका विद्यार्थीहरुको परीक्षा तथा मूल्याङ्कन प्रणालिलाई व्यवस्थित तगर्न देहाय बमोजिमको गाउँपालिका परीक्षा समिति गठन गरिनेछ।

| | | |
|---|---|---|
| क) | शिक्षा शाखा प्रमुख | संयोजक |
| ख) | शैक्षिक कार्यदलका सदस्य | सदस्य |
| ग) | गाउँपालिका समितिले मनोनित गरेको शिक्षक वा कर्मचारी | सदस्य– सचिव |

३.  गाउँपालिका परीक्षा समितिको जिम्मेवारीः

क)  गाउँपालिका स्तरमा कक्षा ३,५ र ८ का अन्तिम परीक्षा सुव्यवस्थित ढंगले सञ्चालन गर्न शिक्षा शाखा तथा गाउँ शिक्षा समितिलाई सहयोग गर्ने ।

ख)  अन्य कक्षाका त्रैमासिक र बार्षिक परीक्षाहरु संचालनमा सहयोग गर्ने ।

ग)  गाउँपालिका अन्तर्गतका विद्यालयहरुले लिने परीक्षा, उत्तरपुस्तिका परीक्षा, ग्रेड निर्धारण कार्यमा एकरुपता कायम गराउने ।

घ)  गाउँपालिका स्तरीय परीक्षा सम्बन्धि कार्यहरु प्रश्नपत्र निर्माण, समयतालिका प्रकाशन, परीक्षा संचालन र अनुगमन, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन तथा विश्लेषण गर्ने

ङ)  गाउँपालिका स्तरीय परीक्षाको आधारमा विद्यालयगत र विषयगत औषत उपलब्धी निकाली "गाउँ शिक्षा समिति" वा गाउँकार्यपालिकामा पेश गर्ने ।

४)  गाउँपालिका परीक्षा समितिको सदस्य नरहनेः – गाउँपालिका परीक्षा समितिको कुनै पनि सदस्यबाट परीक्षाको मर्यादा विपरित कार्य गरे गराए उक्त व्यक्तिलाई गाउँपालिका परीक्षा समितिबाट हटाउन सकिनेछ ।

अर्जुनचौपारी गाउँपालिकाको शैक्षिक सुधार कार्यविधि, २०७९

## परिच्छेद – ६

## विषय विज्ञ सूचिकृत गर्ने सम्बन्धी व्यवस्था

१.   करार शिक्षक तथा कर्मचारी छनौटको लागि विषय विज्ञको रुपमा सूचिकृत हुन निम्नानुसारको योग्यता पुगेको शिक्षक हुनुपर्नेछ ।

क)   मा.वि. तहको शिक्षक छनौट गर्न सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तिण वा स्नातक तह उत्तिण गरी कम्तिमा २ बर्षको मा.वि.तहमा शिक्षण अनुभव गरेको शिक्षक ।

२.   आधारभूत तहको शिक्षक वा कर्मचारी छनौट गर्न सम्बन्धित विषयका कुनै पनि विषयमा स्नातक तह उत्तिण गरि कम्तिमा पनि २ बर्षको शिक्षण अनुभव प्राप्त गरेको शिक्षक ।

३.   यो कार्यविधि लागू भए पछि गाउँपालिका शिक्षा शाखाले १५ दिनको म्याद राखी विषय विज्ञको रुपमा सूचिकृत हुन दरखास्त आव्हान गर्नेछ ।

४.   दरखास्त दस्तुर रु ५०० लाग्नेछ ।

५.   ७ दिन भित्र शिक्षा शाखाले विवरण रुजु गरी योग्य उम्मेदवारको विज्ञ सूचिमा नाम प्रकाशन गर्नेछ।

६.   एक पटक विषय विज्ञको सूचिमा परेको व्यक्तिको वैद्यता ४ वर्ष सम्म कायम रहनेछ ।

## परिच्छेद – ७

## करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्था

१.   अर्जुनचौपारी गाउँपालिका भित्र करारमा शिक्षक तथा कर्मचारी नियुक्तिको लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमको शिक्षक छनौट समिति रहनेछ ।

क)   विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य – अध्यक्ष

ख)   प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी – सदस्य

ग)   गाउँ शिक्षा समितिले तोकेको २ जना विषय विज्ञ (विद्यालय व्यवस्थापन समितिको रायको आधारमा विज्ञ छनौट गरिनेछ । – सदस्य

घ)   प्रधानाध्यापक सदस्य– सचिव

२.   शिक्षक छनौट समितिले विद्यालयको आवश्यकतालाई हेरी ७ दिन वा १५ दिनको म्याद राखी विज्ञापन प्रकाशन गर्नेछ ।

अर्जुनचौपारी गाउँपालिकाको शैक्षिक सुधार कार्यविधि, २०७९

३. दरखास्त शुल्कको हकमा मा.वि. तहको शिक्षकको लागि बढीमा रु १५००।– र आधारभूत तहको लागि बढीमा रु १०००।– लिन सकिनेछ । अन्य कर्मचारीको हकमा बढीमा रु ५००– लिन सकिनेछ ।

४. शिक्षक छनौट समितिले लिने परीक्षाको केन्द्र सम्बन्धित विद्यालय, गाउँपालिका भवन वा सदरमुकामको कुनै उपयुक्त स्थानमा रहनेछ ।

५. शिक्षक छनौट समितिले शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम तथा ढाँचा अनुसार लिखित तथा अन्तरवार्ता प्रकृयाद्धारा वा छनौट समिति आफैले तयार पारेको छनौट प्रकृयाद्धारा शिक्षक, कर्मचारी छनौट गरी नियुक्तिको लागि विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्नेछ ।

६. शिक्षक छनौट समितिका विज्ञलाई दैनिक भत्ता रु १६००।– र यातायात खर्च बापत आवश्यकता अनुसार विद्यालयबाट लिन सक्नेछन ।

७. शिक्षक छनौटका लागि गरिएको पहिलो विज्ञापनमा अंग्रेजी, गणित, विज्ञान, लेखा, कम्प्युटर जस्ता विषयमा अध्यापन अनुमति पत्र प्राप्त उम्मेदवारको दस्तखत नपुगेको अवस्थामा सम्वन्धित विषयको उम्मेदवारलाई पुनः ३ दिन विज्ञापन गरी अध्यापन अनुमति पत्र नभएको उम्मेदवारलाई पनि दरखास्त दिन लगाउन सकिनेछ ।

## परिच्छेद – ८

## विद्यालयहरुको लेखापरीक्षण सम्बन्धी व्यवस्था

१. विद्यालयहरुको बाह्य लेखापरीक्षण गाउँपालिकामा सूचिकृत लेखापरीक्षकहरुबाट मात्र गराईनेछ ।

२. गाउँ शिक्षा समितिले विद्यालयहरुमा खटाईने लेखापरीक्षकहरु नियुक्तिको लागि प्रमुख प्रशासकीय अधिकृतलाई सिफारिस गर्नेछ।

३. लेखापरीक्षण शुल्क, गाउँ शिक्षा समितिले आर्थिक प्रशासन शाखा र लेखापरीक्षकहरु सँग समन्वय गरी निर्धारण गर्नेछ।

## परिच्छेद – ९

## शिक्षक कार्यदक्षता र शिक्षणसिप मूल्याङ्कन सम्वन्धी व्यवस्था

अर्जुनचौपारी गाउँपालिका भित्रका विद्यालयहरुमा शिक्षकको कार्यदक्षता र शिक्षणसिप मूल्याङ्कनका आधारहरु तपसिल बमोजिमका आधारहरुमा हुनेछ ।

१. प्रधानाध्यापक बाट २० अङ्क ।

२. सहकर्मी शिक्षकहरुबाट १० अङ्क ।

अर्जुनचौपारी गाउँपालिकाको शैक्षिक कार्यविधि, २०७९

३.	विधार्थी मूल्याङ्कन २० अङ्क ( न्यूनतम प्रत्येक कक्षाका ५ जना विधार्थीहरुबाट मूल्याङ्कन गर्ने र औषत निकाल्ने) ।

४.	अभिभावकहरुबाट १० अङ्क (न्यूनतम ५ जना अभिभावकहरुलाई कक्षा अवलोकन गर्न लगाई औषत निकाल्ने)

५.	विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुबाट १० अङ्क (कक्षा अवलोकन गर्न लगाई औषत निकाल्ने) यदि वडा शिक्षा समिति गठन नभएको अवस्थामा वडा कार्यसमितिले आफै मूल्याङ्कन सूचक निर्धारण गरी कार्य सम्पादन गर्न सक्नेछ ।

६.	वडा शिक्षा समितिको मूल्याङ्कनबाट १० अङ्क (वडा शिक्षा समितिले कक्षा अवलोकन अभिभावकहरु र विद्यालय व्यवस्थापन समितिको सदस्यहरुको छलफलको आधारमा गरिनेछ) । यदि वडा शिक्षा समिति गठन नभएको अवस्थामा वडा कार्य समितिले आफै मूल्याङ्कन सूचक निर्धारण गरी कार्य सम्पादन गर्न सक्नेछ ।

७.	शिक्षा शाखा/गाउँ शिक्षा समितिको मूल्याङ्कनबाट २० अङ्क ( शिक्षण सिप अवलोकन र अन्तरवार्ताको आधारमा) ।

नोटः- शिक्षक मूल्याङ्कन फर्मेट अनुसूची १ अनुसार हुनेछ ।

## परिच्छेद – १०

## प्रधानाध्यापक छनौट सम्वन्धी व्यवस्था

शिक्षा नियमावली २०५९ को नियम ९३ को उप नियम ५ सँग सम्वन्धित अनुसूची १३ र अर्जुनचौपारी गाउँपालिकाको शैक्षिक सुधार कार्यविधि, २०७९ को अनुसूची २ (क) र अनुसूची २ (ख) को आधारमा बमोजिम प्रधानाध्यापक छनौट गरिनेछ ।

## परिच्छेद – ११

## विविध व्यवस्था

क)	शैक्षिक जागरण ल्याउन विद्यार्थी, शिक्षक तथा अभिभावकहरुको लागि “शैक्षिक उत्प्रेरणात्मक कार्यक्रम” सञ्चालनको व्यवस्था गाउँकार्यपालिकाले मिलाउने छ।

ख)	शिक्षा शाखाले शैक्षिक सुधारको लागि शैक्षिक अवलोकन भ्रमणको व्यवस्था गर्नेछ।

ग)	गाउँकार्यपालिकाले शिक्षक तथा कर्मचारीहरुको तलब भत्ता मासिक रुपमा दिने व्यवस्था मिलाउने छ।

अर्जुनचौपारी गाउँपालिकाको शैक्षिक सुधार कार्यविधि, २०७९

घ) गाउँपालिकाले गाउँपालिका स्तरमा संचालन गरेको परीक्षामा सैद्धान्तिक तर्फ उपलब्धी २.८ जि.पि.ए वा सो भन्दा बढी हासिल गर्ने गराउने विषय शिक्षकलाई पुरस्कृत तथा उपलब्धी औषत १.६ भन्दा कम जि.पि.ए. हासिल गर्ने गराउने विषय शिक्षकलाई स्पष्टिकरण तथा चेतावनी दिने व्यवस्था गरिनेछ।

ङ) बर्षको कम्तिमा पनि २२० दिने विद्यालय खुल्ला गर्ने र कम्तिमा १९२ दिन पठनपाठन हुने सुनिश्चितता गरिनेछ।

च) विद्यार्थी, शिक्षक तथा अभिभावक आचार संहिता निर्माण र पालन गर्ने गराउने व्यवस्था मिलाईनेछ।

छ) अर्जुनचौपारी गाउँपालिका भित्र अध्यापन गराई राखु भएका सम्पूर्ण शिक्षकहरु कुनै पनि संघसंस्थाको संचालक समिति र उपसमितिहरुमा बस्न नपाउने ।

नोटः बस्नुपर्ने कुनै परिस्थिती रहेमा गाउँपालिकामा कारण खुलाई आवेदन दिन सक्ने र गाउँपालिकाले अवस्था र आवश्यकता अध्ययन गरेर स्वीकृति प्रदान गरे मात्र बस्न मिल्नेछ।

ज) अर्जुनचौपारी गाउँपालिका भित्रका विद्यालयहरुमा शिक्षक छनौट गर्दा गाउँपालिकामा कार्यरत कर्मचारीहरुले कुनै पनि प्रकारको आर्थिक सेवा सुविधा लिन नपाउने।

झ) अर्जुनचौपारी गाउँपालिका भित्र विद्यालयहरुमा शैक्षिक गतिविधि संचालन गर्न यस अर्जुनचौपारी गाउँपालिकको शैक्षिक सुधार कार्यविधि, २०७९ अनुसार हुनेछ यहाँ उल्लेखित बाहेक सम्पूर्ण कार्यहरु अर्जुनचौपारी गाउँपालिका स्थानिय राजपत्र ऐन, २०७४ र शिक्षा नियमावली, २०५९ अनुसार हुनेछ ।

## अनुसूची– १

### शिक्षक कार्यदक्षता र शिक्षण सिप मूल्याङ्कनका आधारहरु

| मूल्याङ्कनका आधारहरु | शिक्षकको नाम, थर | विषय | प्र.अ. | सहकर्मी | विधार्थी मूल्याङ्कन | अभिभावक मूल्याङ्कन | विद्यालय व्यवस्थापन समितिबाट | वडा शिक्षा समितिबाट | शिक्षा शाखा/गाउँ शिक्षा समिति मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २० अङ्क | १० अङ्क | २० अङ्क | १० अङ्क | १० अङ्क | १० अङ्क | २० अङ्क |
| १. विद्यालयमा शिक्षकको उपस्थिति | | | २ | १ | २ | १ | १ | १ | २ |
| २. विद्यालयको पेशाकको नियमितता | | | २ | १ | २ | १ | १ | १ | २ |
| ३. विषय बस्तुको ज्ञान | | | २ | १ | २ | १ | १ | १ | २ |
| ४. शिक्षण पेश प्रति निष्ठा र नियमको पालना | | | २ | १ | २ | १ | १ | १ | २ |
| ५. विद्यालयको क्रियाकलापमा संलग्नता | | | २ | १ | २ | १ | १ | १ | २ |
| ६. शैक्षिक सामाग्रीको निर्माण र प्रयोग | | | २ | १ | २ | १ | १ | १ | २ |
| ७. विद्यार्थी, शिक्षक, अभिभावक सँगको सम्वन्ध | | | २ | १ | २ | १ | १ | १ | २ |
| ८. शैक्षिक गुणस्तर वृद्धि गर्न खेलेको भूमिका | | | २ | १ | २ | १ | १ | १ | २ |
| ९. उत्तरदायित्व, जिम्मेवारी र मिलनसारिता | | | २ | १ | २ | १ | १ | १ | २ |
| १०. अध्यापन विताउने समय र सीप, दक्षता | | | २ | १ | २ | १ | १ | १ | २ |

अर्जुनचौपारी गाउँपालिकाको शैक्षिक सुधार कार्यविधि, २०७९

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

नोटः प्र.अ.ले शैक्षिक सत्रको शुरुमा शिक्षकहरुको बैठक बसी यस शैक्षिक बर्षमा माथि उल्लेखित सूचकहरुलाई आधार मानी शिक्षक प्र.अ.को मूल्याङ्कन हुने हुँदा यसै सूचकलाई आधारमानस् कार्य गर्नु गराउनु हुन जानकारी गराइन्छ । सूचकमा शिक्षकको कमजोरी देखिएमा शिक्षकलाई सम्वन्धित निकायमा बोलाई स्पष्टिकरण समेत लिन सकिनेछ ।

अर्जुनचौपारी गाउँपालिकाको शैक्षिक सुधार कार्यविधि, २०७९

## अनुसूची– २ (क)

## प्रधानाध्यापक छनौटका आधारहरु

| छनौटका आधारहरु | अङ्क |
|---|---|
| १. शैक्षिक योग्यता | |
| क) न्यूनतम शैक्षिक योग्यता | १५ |
| ख) माथिल्लो शैक्षिक योग्यता | १० |
| २. शिक्षण अनुभव | २५ |
| ३. तालिम | |
| क) शैक्षिक तालिम | १० |
| ख) विद्यालय व्यवस्थापन तालिम | २ |
| ४. अध्यापन गरेको विषयमा प्राप्त नतिजा | १२ |
| ५. विद्यालय विकास प्रस्ताव | |
| क) विद्यालय विकास प्रस्ताव | १० |
| ख) विद्यालय विकास प्रस्तावको प्रस्तुतिकरण | ४ |
| ६. नेतृत्व लिने क्षमता | |
| क) शिक्षा शाखाको मूल्याङ्कनबाट | ५ |
| ख) व्यवस्थापन समितिको मूल्याङ्कबाट | ५ |
| ग) सम्वन्धित विद्यालयका शिक्षकहरुको मूल्याङ्कन | २ |
| जम्मा | १०० |

अर्जुनचौपारी गाउँपालिकाको शैक्षिक सुधार कार्यविधि, २०७९

## अनुसूची– २ (ख)

## प्रधानाध्यापक आकांक्षि उम्मेदवारको छनौटका आधारहरु

| छनौटका आधारहरु | अङ्क |
|---|---|
| १. नेतृत्व क्षमता | २० |
| २. सहकर्मीहरुको मूल्याङ्कन | १० |
| ३. विद्यालय व्यवस्थापन तथा संचालन सम्वन्धि १/३/५ बर्षे कार्ययोजनाको प्रस्तुति तथा अन्तरवार्ता | ५० |
| ४. अभिभावक र विधार्थीको मूल्याङ्कनको आधारमा | २० |

प्रधानाध्यापक सम्बन्धि व्यवस्थाः अर्जुनचौपारी गाउँपालिका स्थानीय राजपत्र २०७६ को परिच्छेद-५ अनुसार हुनेछ। उक्त पदमा नियुक्ति हुनका लागि अनुसूची– २ (ख) लाई आधार मानिनेछ ।

अर्जुनचौपारी गाउँपालिकाको शैक्षिक सुधार कार्यविधि, २०७९